# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9857078307
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं. २०८३/०८४
च.नं.

मिति: २०८३/०४/२८

**आम उपभोक्ताहरुमा अनुरोध**

रिब्दीकोट गाउँपालिका विगत केही वर्षदेखि अकबरे खुर्सानीको उत्पादन क्षेत्रको रुपमा विकास हुँदै गइरहेको एवम् गत आर्थिक वर्षमा मात्रै करिब ७ करोड ५० लाख बढीको अकबरे खुर्सानी यस गाउँपालिकाबाट निर्यात भएको छ। यस आर्थिक वर्षमा पनि अकबरे खुर्सानीको उत्पादन राम्रो परिमाणमा भइरहेको छ। यसै क्रममा यस गाउँपालिकाको एउटा स्थानबाट बिक्रिका लागि बुटवल कृषि उपज थोक बजारमा राखिएको खुर्सानीको बिषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला, एकाईबाट बजार अनुगमनका क्रममा बिषादीको परीक्षण हुँदा अर्गानोफस्फेट समूहको विषादी उपभोगयोग्यभन्दा अधिक परिमाणमा रहेको जानकारी प्राप्त भयो। तत्पश्चात् यस गाउँपालिकाभित्र उत्पादन भईरहेको खुर्सानीमा के कति परिमाणमा विषादी प्रयोग भईरहेको छ भनेर बुझ्दा उत्पादन शुरु भईसकेको अवस्थामा विषादीको प्रयोग कम गरिएको र पर्खनु पर्ने अवधि पश्चात् मात्र बिक्रि वितरणका लागि लगिएको उत्पादक कृषकहरुले जानकारी गराउनु भयो। उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै बिषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला, एकाई बुटवललाई पुनः यस गाउँपालिकाबाट कृषि उपज थोक बजारमा बिक्री वितरणका लागि राखिएको अकबरे खुर्सानीको परीक्षण गरिदिन अनुरोध गर्दा विषादीको अवस्था सामान्य उपभोगयोग्य सीमाभित्र रहेको नतिजा प्राप्त भयो।

आम उपभोक्ताको स्वास्थ्यप्रति स्थानीय सरकार सधैं गम्भिर भई रासायनिक विषादीको प्रयोगमा कमी ल्याउनको लागि कृषि विकास शाखामार्फत विभिन्न जैविक विषादी बनाउने तालिम, एकीकृत शत्रुजीव व्यवस्थापन पाठशाला एवम् विषादीको सुरक्षित प्रयोग र यसका असरहरुसम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेका छन्। गाउँपालिकाभित्रको कुनै एउटा निश्चित स्थानको एउटा लटमा मात्र विषादीको अवशेष उपभोगयोग्यभन्दा बढी देखिएको तथा सोही स्थान एवम् अन्य स्थानहरुको खुर्सानीमा हाल विषादीको अवशेषको मात्रा सामान्य रहेको जानकारी गराउँदै आम उपभोक्तालाई ढुक्क भएर उपभोग गर्नका लागि अनुरोध समेत गर्दछौं। साथै यस गाउँपालिकाका कृषि प्राविधिकहरुबाट कृषकको खेतमै गएर विषादीको प्रयोगमा सचेत हुन सचेतना कार्यक्रमहरु समेत सञ्चालन भईरहेको बेहोरा जानकारीका लागि अनुरोध छ।

| | |
|---|---|
| राजेन्द्र सिंह धामी | ०८३/०४/२८ सुरेश भुसाल |
| कृषि प्राविधिक | प्रमुख प्रशासकीय अधिकृत |

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
☎ ०७१-५३०३५३
email:rbprlabbutwal@gmail.com

# बिषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला, एकाई

## बुटवल, रुपन्देही

मिति २०८३/०४/२८

प स २०८३/०८४
च.नं २५

श्री केन्द्रिय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर ।
श्री कृषि बजार व्यवस्थापन समिति, बुटवल, रुपन्देही ।
श्री रिब्दीकोट गाउँपालीका, पाल्पा ।

**विषय :- बिषादी अवशेष द्रुत विश्लेषण नतिजा पठाइएको बारे ।**

प्रस्तुत विषयमा यस थोक बजार भित्र स्थानीय स्तरमा बिभिन्न स्थानवाट बिक्रीको लागि आएको तरकारी तथा फलफूलको बिषादी अवशेष यस प्रयोगशालामा उपलब्ध प्रविधि अनुसार मिति २०८३/०४/२८ गते परिक्षण गर्दा निम्न अनुसार नतिजा पाइएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र. सं. | दर्ता नं. | बाली | कृषक वा आयातकर्ताको नाम | उत्पादित क्षेत्र | रुकावट प्रतिशत (Inhibition%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्बामेट | अर्गानोफस्फेट | |
| १ | २६४ | भेडे खुर्सानी | के.जी यल इम्पेक्स प्रा.ली | दाङ्ग | ५.२१४२ | १.१८३९ | उपभोग योग्य |
| २ | २६५ | परवल | के.जी यल इम्पेक्स प्रा.ली | हेटौडा | २.१४८९ | १.८५०९ | उपभोग योग्य |
| ३ | २६६ | गोलभेडा | अमरजीत सब्जी पसल | कपूरकोट | ०.१९०० | ४.७३२८ | उपभोग योग्य |
| ४ | २६७ | काउली | राइन सब्जी पसल | कपूरकोट | ५.५५३४ | १.१३१२ | उपभोग योग्य |
| ५ | २६८ | माच्छे खुर्सानी | राइन सब्जी पसल | कपूरकोट | ५.६८५३ | १४.८९७ | उपभोग योग्य |
| ६ | २६९ | लौका | सिद्दार्थ सब्जी तथा फलफूल पसल | बेलवा | २.२४५९ | ४.१७४४ | उपभोग योग्य |
| ७ | २७० | तिते करेला | सिद्दार्थ सब्जी तथा फलफूल पसल | धादीङ्ग | ५.५९४२ | ९.५५०८ | उपभोग योग्य |
| ८ | २७१ | बोडी | रविन्द्र चौहान | बेलवा | ७.६९७३ | ९.५४१८ | उपभोग योग्य |
| ९ | २७२ | अकबरे खुर्सानी | निर्मला थापा | रिब्दीकोट ५ | १०.५०० | ६.९५३१ | उपभोग योग्य |
| १० | २७३ | अकबरे खुर्सानी | देवीकला पोखरेल | रिब्दीकोट २ | ७.०९०५ | २२.७८९ | उपभोग योग्य |
| ११ | २७४ | अकबरे खुर्सानी | बिष्णु कार्की | रिब्दीकोट ४ | ४.५४२५ | २६.२४८ | उपभोग योग्य |
| १२ | २७५ | अकबरे खुर्सानी | हिमाञ्चल थापा | रिब्दीकोट ६ | ५.३९८६ | १५.०२४ | उपभोग योग्य |

रुकावट प्रतिशत (Inhibition Percentage)
१. ३५ प्रतिशत भन्दा कम उपभोग योग्य हुने ।
२. ३५-४५ प्रतिशत, ४-५ दिन क्वारेन्टिनमा राखी पून: परिक्षण गरि ३५ प्रतिशत भन्दा कम आएमा उपभोग योग्य हुने ।
३. ४५ प्रतिशत भन्दा माथी उपभोगको लागि अयोग्य हुने र उक्त कृषि उपज बिसर्जन गर्ने ।
माथि बुँदा नं. १, २ र ३ मा उल्लेखित रुकावट प्रतिशत कार्बामेट र अर्गानोफस्फेट समूह किटनाशक बिषादीहरुको मात्र परिक्षण भएकोले अन्य विषादी, रसायन आदिको हकमा यो नतिजा लागु नहुने ।

२०८३/०४/२८
नायब प्राविधिक सहायक